प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र

खजुरा, बाँके

## फलफूल बगैंचा व्यवस्थापन वार्षिक पात्रो

### बैशाख महिनामा गर्नु पर्ने मुख्य कार्यहरु

- सदाबहार फलफूल (आँप, लिची, अम्बा आदि) बगैंचा स्थापनाको लागि रेखांकन, खाडल तयार गरी मल र माथिल्लो सतहको माटो मिसाई पुर्ने र लिचीमा गुठि बाध्ने काम गर्ने।
- केरा बगैंचामा रेखांकन गर्ने, खाडल खन्ने र पुर्ने कार्य गर्ने। फाल्गुण चैत्रमा रोपेका विरुवाहरुमा मलजल, झारपात गोडमेल तथा रोगकिरा व्यवस्थापनका कार्यहरु गर्ने। पुरानो बगैंचामा अन्तरबाली लिने तथा रोप्ने कार्य गर्ने। त्यसका अलावा तयार भएका घरीहरु काट्ने, तयार हुँदै गरेका घरीहरुमा बुङ्गो हटाउने, टेका दिने, घरी छोप्ने, पुराना थामहरु हटाउने तथा नयाँ सकरहरु राख्ने आदि कार्यहरु गर्ने र सो कार्यलाई जेठ महिनामा पनि निरन्तरता दिने।
- आँपका बगैंचामा फल झर्ने समस्या देखिन्छ, त्यसलाई नियन्त्रण गर्नलाई फलको आकार केराउको दाना जत्रो अवस्थामा NAA नामक बिरुवाबर्द्धक हार्मोन २० पिपिएम वा २ ग्राम प्रति १०० लिटर पानीमा मिसाई छर्ने। त्यसका अलावा आँपको बगैंचामा फल कुहाउने औंसाको समस्या आउने हुँदा Methyl Eugenol 0.1% + Malathion 0.1% सहितको पासोको प्रयोग गर्ने। यस महिनामा फलको टुप्पो कालो हुने शारीरिक विकार पनि आँपमा देखिन्छ, सोको रोकथामका लागि बैशाखको तेस्रो हप्तामा बोर्याक्स १ केजी प्रति १०० लिटर पानीमा मिसाई छर्ने।
- अमिलो जात फलफूलको नयाँ बगैंचा बनाउन खाडल निर्माण गर्ने तथा घामबाट उपचार गर्ने। त्यसका अलावा नयाँ पालुवामा कागतिको पुतलीको लार्भाले क्षति गर्ने र साना हाँगा तथा डाठमा गवारोको समस्या आउने हुँदा नियन्त्रणका आवश्यक उपाएहरु अपनाउने।

### जेठ महिनामा गर्नु पर्ने मुख्य कार्यहरु

- सदाबहार फलफूलका बोटहरुमा ढुसी रोगनासक विषादी छर्ने।
- फलफूलका बगैंचाका बोटबाट अनावश्यक सकरहरु/चोर हाँगाहरु हटाउने।
- आँप तथा लिचीको बिरुवालाई हार्डेनिंग गर्ने।
- आँपमा फल कुहाउने औंसाले अत्याधिक मात्रामा आक्रमण गर्ने भएकाले पुरानो पासो निकाली नयाँ पासो राख्ने र बोर्याक्स छर्ने कामलाई निरन्तरता दिने।
- अमिलो जात फलफूलको साना विरुवालाई सिंचाई दिने व्यवस्था मिलाउने र पानी परेपछि युरिया मलले टपड्रेस गर्ने। कलमी गरेको बिरुवाको फेदबाँट हाँगा पलाएका छन भने तिनलाई हटाउने। यदि विरुवामा क्याङ्कर रोग देखिएको छ भने बोर्डो मिश्रण वा एन्टिबायोटिक छर्ने। यदि विरुवामा धान्नै नसक्ने फल छ भने फलको छटाई गर्ने।
- मौसम तथा माटोको चिस्यान हेरी प्रत्यक ७-१०दिनको फरकमा बगैंचामा सिंचाईको व्यवस्था मिलाउने।
- केरा बगैंचामा खाडल खन्ने, पुर्ने तथा तयारी खाडलमा विरुवा रोप्ने र फाल्गुण चैत्रमा रोपेका विरुवाहरुमा झारपात तथा रोगकिरा व्यवस्थापनका नियमित कार्यहरु गर्ने।
- पतझड फलफूल बगैंचामा बिरुवाका रोगी तथा कमजोर हाँगाहरु हटाउने, किराहरुको प्रकोप बढी देखिने भएकाले नियन्त्रणका लागि फेरोमन पासोहरु राख्ने र अन्य उपायहरु अपनाउने।


सदाबहार फलफूल बगैंचाको लागि खाडल तयारी


आँपमा फल कुवाने औंसाको प्रकोप

### बैशाख २०७८ — Apr./May. 2021

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| | | | नयाँ वर्ष<br>१<br>द्वितीया 14 | २<br>तृतीया 15 | ३<br>चतुर्थी 16 | ४<br>पञ्चमी 17 |
| विश्व सम्पदा दिवस<br>५<br>षष्ठी 18 | ६<br>सप्तमी 19 | ७<br>अष्टमी 20 | रामनवमी<br>चैते दशैं<br>८<br>नवमी 21 | विश्व पृथ्वि दिवस<br>९<br>दशमी 22 | पुस्तक दिवस<br>१०<br>एकादशी 23 | लोकतन्त्र दिवस<br>११<br>द्वादशी 24 |
| १२<br>त्रयोदशी 25 | १३<br>चतुर्दशी 26 | हनुमान जयन्ती<br>१४<br>पुर्णिमा 27 | १५<br>प्रतिपदा 28 | अ.नृत्य दिवस<br>१६<br>तृतीया 29 | १७<br>चतुर्थी 30 | मजदुर दिवस<br>१८<br>पञ्चमी 1 |
| १९<br>षष्ठी 2 | प्रेस स्वतन्त्रता दिवस<br>२०<br>सप्तमी 3 | २१<br>अष्टमी 4 | २२<br>नवमी 5 | २३<br>दशमी 6 | २४<br>एकादशी 7 | रेडक्रस दिवस<br>२५<br>द्वादशी 8 |
| २६<br>त्रयोदशी 9 | २७<br>चतुर्दशी 10 | आमाको मुख हेर्ने दिन<br>२८<br>औंसी 11 | विश्व नर्स दिवस<br>२९<br>प्रतिपदा 12 | ३०<br>द्वितीया 13 | अक्षय तृतीया<br>३१<br>तृतीया 14 | |

### जेष्ठ २०७८ — May./Jun. 2021

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| ३०<br>तृतीया 13 | विश्व रक्तदाता दिवस<br>३१<br>चतुर्थी 14 | | | | | १<br>तृतीया 15 |
| २<br>चतुर्थी 16 | ३<br>पञ्चमी 17 | ४<br>षष्ठी 18 | ५<br>सप्तमी 19 | ६<br>अष्टमी 20 | सिता जयन्ती<br>७<br>नवमी 21 | ८<br>एकादशी 22 |
| ९<br>द्वादशी 23 | १०<br>त्रयोदशी 24 | ११<br>चतुर्दशी 25 | उभौली पर्व<br>बुद्ध जयन्ती<br>१२<br>पुर्णिमा 26 | १३<br>प्रतिपदा 27 | १४<br>द्वितीया 28 | गणतन्त्र दिवस<br>१५<br>तृतीया 29 |
| १६<br>चतुर्थी 30 | १७<br>पञ्चमी 31 | १८<br>षष्ठी 1 | १९<br>सप्तमी 2 | २०<br>अष्टमी 3 | २१<br>नवमी 4 | २२<br>दशमी 5 |
| २३<br>एकादशी 6 | २४<br>द्वादशी 7 | २५<br>त्रयोदशी 8 | २६<br>चतुर्दशी 9 | शनि जयन्ती<br>२७<br>औंसी 10 | २८<br>प्रतिपदा 11 | बालश्रम विरूद्ध दिवस<br>२९<br>द्वितीया 12 |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि व्यवसाय प्रवर्द्धन सहयोग तथा तालिम केन्द्र

खजुरा, बाँके

## फलफूल बगैंचा व्यवस्थापन वार्षिक पात्रो

### असार महिनामा गर्नु पर्ने मुख्य कार्यहरु

- सदाबहार वर्गका फलफूल विरुवा तयार गरी खाडलमा सार्ने।
- बगैंचा सरसफाई गर्ने र पानीको निकासको व्यवस्था मिलाउने।
- किवी फलफूलमा मसिना र घुम्रिएका लहरा तथा फल लाग्न नसक्ने हाँगा काँटछाँट गर्ने।
- अमिलो जात तथा अन्य पतझड फलफूलमा वर्षे हाँगा तथा चोर हाँगा काटछाँट गर्ने ।
- अमिलो जात फलफूलमा हरियो, निलो वा खैरो रंगको खपटे किरा, खराने रोग तथा क्याङ्कर रोगको प्रकोप बढी देखिने हुँदा आवश्यक नियन्त्रण तथा रोकथामको उपाए अपनाउने।
- केरा बगैंचामा विरुवाहरु मरेका ठाउँमा विरुवा पुनः रोपन गर्ने, रोग किराको प्रकोप बढी देखिने समय भएकाले बोर्डो मिश्रण तथा अन्य ढुसीनासक र किटनासक विषादीहरु आवश्यकता बमोजिम प्रयोग गर्ने र तयार भएका घरीहरु काट्ने तथा नयाँ घरीका लागि आवश्यक व्यवस्थापन गर्ने।
- पतझड फलफूल बगैंचामा आवश्यकता बन्दा बढी भएको फलफूलका दानाहरु हटाउने, खसेका दानाहरुलाई व्यवस्थापन गर्ने, छापो दिने व्यवस्था गर्ने र किरा नियन्त्रणका लागि आवश्यक उपायहरु अपनाउने।

### साउन महिनामा गर्नु पर्ने मुख्य कार्यहरु

- बगैंचामा पानीको निकासको व्यवस्था मिलाउने र पानी जमेको भए कुलो काटेर फाल्ने।
- अमिलो जातको फलफूलमा पात खाने किरा र पतेरो नियन्त्रण गर्न सिफारिस भएको विषादी छर्ने। त्यसका साथै हाँगा रोगले कुहिएको भए कुहिएको बोक्राहरु हटाई बोर्डो पेष्ट लगाउने । नयाँ विरुवाको रुटस्टकबाट पलाएका साना मुनाहरुलाई हटाउने। बर्डिंग गरेका बिरुवालाई टप ड्रेस गर्ने।
- आँप, लिची लगायतका फलफूलहरुमा फल टिपी सकेपछी राम्ररी पाकेको गोठेमल बिरुवाको वरिपरी खाल्टो खनेर प्रति बोट १-२ डोको मिसाउने।
- वर्षे मौसममा लहरा छिटो बढ्ने भएकाले किवी फलको अनावश्यक हाँगा तथा लहराहरु काँटछाँट गर्ने।
- केरा बगैंचामा अनावश्यक सकरहरु हटाउने, रोग किरा नियन्त्रणका उपायहरुलाई निरन्तरता दिने र विरुवाको वरिपरी माटो चढाउने काम गर्ने।
- अम्बाको बगैंचामा बोटको फेदबाट स-साना सकरहरु पलाउने भएकाले त्यसलाई हटाउने।



अमिलो जात फलफूलमा क्यान्कर रोग



केरामा बिरुवा वरिपरी माटो चढाउने कार्य

## आषाढ २०७८ — Jun./Jul. 2021

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| | | १ पञ्चमी 15 | २ षष्ठी 16 | ३ सप्तमी 17 | ४ अष्टमी 18 | ५ नवमी 19 |
| ६ दशमी 20 | तुलसी-बीज रोपण ७ एकादशी 21 | ८ द्वादशी 22 | ९ चतुर्दशी 23 | १० पूर्णिमा 24 | ११ प्रतिपदा 25 | १२ द्वितीया 26 |
| १३ तृतीया 27 | १४ चतुर्थी 28 | दही चिउरा खाने दिन १५ पञ्चमी 29 | १६ षष्ठी 30 | १७ सप्तमी 1 | १८ अष्टमी 2 | १९ नवमी 3 |
| २० दशमी 4 | २१ एकादशी 5 | २२ द्वादशी 6 | २३ त्रयोदशी 7 | २४ चतुर्दशी 8 | २५ औंसी 9 | २६ औंसी 10 |
| २७ प्रतिपदा 11 | २८ द्वितीया 12 | २९ तृतीया 13 | ३० चतुर्थी 14 | ३१ पञ्चमी 15 | | |

## श्रावण २०७८ — Jul./Aug. 2021

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| ३१ सप्तमी 15 | ३२ अष्टमी 16 | | | | लुतो फाल्ने दिन १ सप्तमी 16 | २ अष्टमी 17 |
| ३ नवमी 18 | ४ दशमी 19 | तुलसी रोपण ५ एकादशी 20 | ६ द्वादशी 21 | ७ त्रयोदशी 22 | ८ चतुर्दशी 23 | ९ पूर्णिमा 24 |
| १० प्रतिपदा 25 | ११ तृतीया 26 | १२ चतुर्थी 27 | १३ पञ्चमी 28 | १४ षष्ठी 29 | खिर खाने दिन १५ षष्ठी 30 | १६ सप्तमी 31 |
| १७ अष्टमी 1 | १८ नवमी 2 | १९ दशमी 3 | २० एकादशी 4 | २१ द्वादशी 5 | २२ त्रयोदशी 6 | २३ चतुर्दशी 7 |
| २४ औंसी 8 | २५ प्रतिपदा 9 | २६ द्वितीया 10 | २७ तृतीया 11 | नाग पञ्चमी २८ चतुर्थी 12 | २९ पञ्चमी 13 | ३० षष्ठी 14 |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय


# कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र

खजुरा, बाँके

## फलफूल बगैंचा व्यवस्थापन वार्षिक पात्रो

### भदौ महिनामा गर्नु पर्ने मुख्य कार्यहरु

- स्याउमा भुवादार लाही किराको समस्या देखिने भएकाले सोको नियन्त्रणका लागि आवश्यक तयारी गर्ने।
- पतझड फलफूलहरुमा फल टिपी सकेपछी राम्ररी पाकेको गोठेमल बिरुवाको वरिपरी खाल्टो खनेर प्रति बोट १-२ डोको मिसाउने, कमजोर र रोगी हाँगाहरु काँटछाँट गर्ने र सकरहरु हटाउने।
- केराको बगैंचामा अनावश्यक सकरहरु हटाउने, बगैंचा व्यवस्थापनका नियमित कार्यहरु गर्ने, माटो चढाउने कामलाई निरन्तरता दिने, तयार भएका अन्तरबाली उत्पादन लिने र नयाँ बाली लगाउनको लागि आवश्यक व्यवस्थापन गर्ने।
- यस महिनामा आँपमा विशेष गरी तराईमा बिरुवाका डाठमा लाग्ने ऐजेरुको समस्या देखिने भएकाले, सोको नियन्त्रणको लागि डाईमिथोएट ०.०६% छर्कने त्यसका अलावा कालो थोप्ले रोग र गुलाबी रोग पनि देखिन सक्ने हुँदा सोको नियन्त्रणको लागि कपर अक्सिक्लोराईड ०.३% छर्कने।
- अमिलो जात फलफूलमा जिंक, फलाम, म्याग्रेसियम, म्यान्गनिज र बोरोनको मिश्रण भएको सुक्ष्म तत्व छर्ने र पात खन्ने किरा तथा क्याङ्कर रोगको प्रकोप नियन्त्रण गर्ने उपाएहरु अपनाउने। त्यसका साथै पहाडी ठाउँमा फल लागेका कमजोर हाँगालाई टेका दिने।

### असोज महिनामा गर्नु पर्ने मुख्य कार्यहरु

- अमिलो जात फलफूलमा लाग्ने औंसा किरा नियन्त्रणको लागि फेरोमेन ट्रयापको प्रयोग गर्ने तथा चोर हाँगा, सुकेको हाँगा, फेद र जरा कुहिएका बोट भएमा काटेर फाली बोर्डो पेष्ट लगाउने। त्यसै गरी नयाँ बगैंचामा बिरुवा मरेको ठाउँमा नयाँ बिरुवाले ग्याप फिलिङ गर्ने।
- सदाबहार फलफूलहरुमा गोडमेल र मलजल गरी छापो दिने।
- आँपमा कालो थोप्ले रोग र गुलाबी रोगको नियन्त्रणको लागि पुन: कपरअक्सिक्लोराईड ०.३% छर्कने। नयाँ बगैंचामा बिरुवा मरेमा ग्याप फिलिंग गर्ने र रुटस्टकमा पलाएका हाँगाहरु हटाउने।
- केरा बगैंचामा सरसफाई तथा अन्य व्यवस्थापनका नियमति कार्यहरु गर्ने, अनावश्यक सकरहरु हटाउने, तयार भएका घरी उत्पादन लिने र अपरिपक्क घरीहरुको बुङ्गो हटाउने, घरी छोप्ने, टेका दिने लगायतका कार्यहरु गर्ने।
- अम्बामा जिंक तथा म्याग्नेसियमको कमी देखिने भएकाले १५ दिनको फरक पारी सो सुक्ष्म तत्वको मिश्रण बनाएर छर्कने।



स्याउमा भुवादार लाही किराको प्रकोप



आँपमा कालो थोप्ले रोगको प्रकोप

### भाद्र २०७८ — Aug./Sep. 2021

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| | | १ दशमी 17 | २ एकादशी 18 | ३ द्वादशी 19 | ४ त्रयोदशी 20 | ५ चतुर्दशी 21 |
| जनै पुर्णिमा, रक्षाबन्धन ६ पूर्णिमा 22 | गाईजात्रा ७ प्रतिपदा 23 | ८ द्वितीया 24 | ९ तृतीया 25 | १० चतुर्थी 26 | ११ पञ्चमी 27 | १२ षष्ठी 28 |
| १३ सप्तमी 29 | कृष्ण जन्माष्टमी १४ अष्टमी 30 | १५ नवमी 31 | १६ दशमी 1 | १७ एकादशी 2 | १८ द्वादशी 3 | १९ द्वादशी 4 |
| २० त्रयोदशी 5 | २१ चतुर्दशी 6 | बुबाको मुख हेर्ने दिन, कुशे औंसी २२ औंसी 7 | दर खाने दिन २३ द्वितीया 8 | हरितालिका तिज २४ तृतीया 9 | गणेश चतुर्थी २५ चतुर्थी 10 | ऋषी पञ्चमी २६ पञ्चमी 11 |
| २७ षष्ठी 12 | २८ सप्तमी 13 | राष्ट्रिय बाल दिवस २९ अष्टमी 14 | ३० नवमी 15 | ३१ दशमी 16 | | |

### आश्विन २०७८ — Sep./Oct. 2021

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| ३१ द्वादशी 17 | | | | | विश्वकर्मा पुजा १ एकादशी 17 | २ द्वादशी 18 |
| संविधान दिवस ३ चतुर्दशी 19 | सोह्रश्राद्ध प्रारम्भ ४ पूर्णिमा 20 | ५ प्रतिपदा 21 | ६ द्वितीया 22 | ७ तृतीया 23 | ८ तृतीया 24 | ९ चतुर्थी 25 |
| १० पञ्चमी 26 | विश्व पर्यटक दिवस ११ षष्ठी 27 | १२ सप्तमी 28 | १३ अष्टमी 29 | १४ नवमी 30 | १५ दशमी 1 | १६ एकादशी 2 |
| १७ द्वादशी 3 | १८ त्रयोदशी 4 | विश्व शिक्षक दिवस १९ चतुर्दशी 5 | पितृ विसर्जन २० औंसी 6 | घटस्थापना २१ प्रतिपदा 7 | २२ द्वितीया 8 | विश्व हुलाक दिवस २३ तृतीया 9 |
| २४ चतुर्थी 10 | २५ पञ्चमी 11 | फूलपाती २६ सप्तमी 12 | कालरात्री २७ अष्टमी 13 | महानवमी २८ नवमी 14 | विजया दशमी, दशैं टिका २९ दशमी 15 | ३० एकादशी 16 |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र

खजुरा, बाँके

## फलफूल बगैंचा व्यवस्थापन वार्षिक पात्रो

### कार्तिक महिनामा गर्नु पर्ने मुख्य कार्यहरु

- हिउँदे पतझड फलफूलहरुको नयाँ बगैंचा स्थापना गर्नको लागि रेखांकन गर्ने, खाडल खन्ने र सतहको माटो र मल मिसाई पुर्ने।
- आँपको बोटलाई फूलको झुप्पा पर्ने रोगको आगमनबाट बचाउन नयाँ फूलका डाठहरु हटाउने र NAA नामक विरुवाबर्द्धकको २०० पि.पि.एम. घोल बनाएर छर्ने। यस समयमा विरुवामा टुप्पोबाट सुक्दै जाने रोग (Die back) लाग्न सक्छ र यसका लागि रोगी तथा पुराना हाँगा काटछाट गर्ने र कपरअक्सिक्लोराईड ०.३% दुई चोटि १५ दिनको फरकमा छर्कने।
- अमिलो जात फलफूलमा पुराना सुकेका, रोग लागेका र एक आपसमा खप्टिएका र जुधेका हाँगा काँटछाँट गर्ने। लगभग जमिनदेखि २ फिट माथिसम्म कुनैपनि हाँगा पलाउन नदिने।
- केरा बगैंचामा सकर व्यवस्थापन तथा बगैंचा व्यवस्थापनका नियमित कार्यहरु गर्ने।
- शितोष्ण फलफूलको रुट-स्टकको बिउ संकलन गर्ने।

### मङ्सिर महिनामा गर्नु पर्ने मुख्य कार्यहरु

- बजारको अवस्था हेरी अमिलो जातका फलफूल टिप्ने र समुचित ढंगले ग्रेडिंग एवं भण्डारण गर्ने।
- केरा बगैंचालाई चिसोबाट बचाउन नियमित सिचाईको व्यवस्था गर्ने र पसाएका घरीहरुलाई प्लाष्टिकले छोप्ने।
- सदाबहार फलफूलको बगैंचामा खनजोत गर्ने र झारपातहरु हटाउने र चिसोबाट बचाउन नियमित सिचाईको व्यवस्था गर्ने।
- आँपमा टुप्पोबाट सुक्दै जाने रोग (Die back) लाग्न सक्छ र यसका लागि रोगी तथा पुराना हाँगा काटछाट गर्नुपर्छ र कपरअक्सिक्लोराईड ०.३% दुई चोटि १५ दिनको फरकमा छर्कने गर्नुपर्दछ। त्यसका अलावा नाइट्रोजनको टप ड्रेस गर्ने र सिचाईको व्यवस्था मिलाउने।
- बिजु कागती तथा तिनपाते सुन्तलाको बिउ संकलन गर्ने।
- अम्बामा फोस्फोरसको कमी देखिन सुरु गर्ने भएकाले फोस्फोरसको उपयुक्त समिश्रण बनाएर बिरुवामा छर्कने।



अमिलो जात फलफूलमा चोर हाँगा काटछाँट



आँपमा टुप्पो सुक्दै जाने रोगको प्रकोप

### कार्तिक २०७८ — Oct./Nov. 2021

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| | १ त्रयोदशी 18 | २ चतुर्दशी 19 | ३ पूर्णिमा 20 | ४ प्रतिपदा 21 | ५ द्वितीया 22 | ६ तृतीया 23 |
| ७ चतुर्थी 24 | ८ पञ्चमी 25 | ९ षष्ठी 26 | १० षष्ठी 27 | ११ सप्तमी 28 | १२ अष्टमी 29 | १३ नवमी 30 |
| १४ दशमी 31 | १५ एकादशी 1 | १६ द्वादशी 2 | काग तिहार, कुकुर तिहार १७ त्रयोदशी 3 | लक्ष्मी पुजा, देवकोटा जयन्ती १८ औंसी 4 | गोवर्धन पुजा, म्ह पुजा १९ प्रतिपदा 5 | भाइटीका २० द्वितीया 6 |
| किजा पुजा २१ तृतीया 7 | २२ चतुर्थी 8 | २३ पञ्चमी 9 | छठ पर्व २४ षष्ठी 10 | २५ सप्तमी 11 | २६ अष्टमी 12 | २७ नवमी 13 |
| २८ दशमी 14 | हरिबोधनी एकादशी, तुलसी विवाह २९ एकादशी 15 | ३० द्वादशी 16 | | | | |

### मंसिर २०७८ — Nov./Dec. 2021

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| | | | १ त्रयोदशी 17 | २ चतुर्दशी 18 | ३ पूर्णिमा 19 | विश्व बाल दिवस ४ प्रतिपदा 20 |
| ५ द्वितीया 21 | ६ तृतीया 22 | ७ चतुर्थी 23 | ८ पञ्चमी 24 | ९ षष्ठी 25 | १० सप्तमी 26 | ११ अष्टमी 27 |
| १२ नवमी 28 | १३ दशमी 29 | १४ एकादशी 30 | विश्व एड्स दिवस १५ द्वादशी 1 | १६ त्रयोदशी 2 | विश्व आपाङ्ग दिवस १७ चतुर्दशी 3 | १८ औंसी 4 |
| १९ प्रतिपदा 5 | २० द्वितीया 6 | २१ तृतीया 7 | विवाह पञ्चमी २२ पञ्चमी 8 | २३ षष्ठी 9 | २४ सप्तमी 10 | २५ अष्टमी 11 |
| २६ नवमी 12 | २७ दशमी 13 | २८ एकादशी 14 | २९ द्वादशी 15 | | | |

E-mail: abpstckhajura@gmail.com|Web: abpstc.p5.gov.np किसान कल सेन्टर: १६६०८१५२०९९

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र

खजुरा, बाँके

## फलफूल बगैंचा व्यवस्थापन वार्षिक पात्रो

**पौष महिनामा गर्नु पर्ने मुख्य कार्यहरु**

- पतझड फलफूलमा (स्याउ, अंगुर, किवी आदि) तालिम तथा हिउँदे काँटछाँट गर्ने।
- सिचाईको सुबिधा प्रशस्त हुने ठाउँमा अनारको बिरुवा रोप्ने।
- केरा लगायत चिसोले असर पार्ने फलफूलमा चिसोको असर कम गर्न नियमित सिंचाइ र आवश्यकता बमोजिम ढुसीनाशक विषादीहरुको प्रयोग गर्ने। केरा बगैंचामा तुषारोको प्रकोप बढी हुँदा पातहरु पहेंलिने समस्या देखिने भएकाले चिसोबाट बचाउन नियमित सिचाई र ढुसीनासक विषादीको व्यवस्था गर्ने र पसाएका घरीहरुलाई प्लाष्टिकले छोप्ने।
- आँपलाई पुन: मिलि बग किराबाट बचाउन ग्रिज र अलकत्र (१:२) अनुपातमा मिसाई वा अल्काथेन व्याण्ड जमिनबाट ३० देखि ३५ से.मि माथि फेदको चारैतिर घेरो लगाइदिने। यसले गर्दा किरा टासिएर माथि जान पाउदैन।
- अमिलो जात फलफूलमा विरुवाको काटछाँट, गोडमेल गर्ने र कम्पोष्ट मल प्रयोग गर्ने, साथै सिचाँईको व्यवस्था पनि मिलाउने। विरुवाको काँटछाँट गरेपछि बोर्डो पेष्ट लगाउने र बोर्डो मिश्रण छर्ने।
- बर्षे फलफूल गोडमेल, सिचाई र मलजल गर्ने। आरु, आरु बखडा जस्ता फलफूलको कलमी शुरु गर्ने।

**माघ महिनामा गर्नु पर्ने मुख्य कार्यहरु**

- फलफूलमा काटछाँट गर्ने, मलखाद दिने, सिंचाई गर्ने र फेदमा छापो राख्ने।
- केराको बगैंचामा सुकेका मरेका र लत्रेका पातहरु हटाइदिने, अनावश्यक सकरहरु हटाउने, बगैंचामा गोडमेल तथा सिफारिस मात्रामा मलको प्रयोग गर्ने। नयाँ बगैंचा व्यवस्थापनका लागि स्थान छनौट, रेखांकन तथा खाडलहरु तयारी सुरु गर्ने।
- आँपमा पात र फुल झुप्पा पर्ने रोग (Mango malformation) को समस्याबाट जोगाउन सुरुमा पलाएका कलिला मुनाहरुलाई हटाउने। त्यसका साथै पुष महिनामा जस्तै मिलि बगबाट बच्ने उपाय अपनाउने। फूल फुल्ने समयमा खराने रोग लाग्ने सम्भावना बढि भएको हुदा घुलनसिल सल्फर २ ग्राम प्रति लिटर पानी मिसाएर छर्कने र १०-१२ दिन पछि क्याराथेन१ मिलि/लिटर पानीमा मिसाएर छर्कने।
- अमिलो जात फलफूलमा विरुवाको काँटछाँट, गोडमेल गर्ने र कम्पोष्ट मल प्रयोग गर्ने, साथै सिंचाइको व्यवस्था पनि मिलाउने।
- अम्बामा डाठ तथा हाँगामा गबारो किरा र सेतो पुतलीको प्रकोप देखिने भएकाले तिनको व्यवस्थापन तथा नियन्त्रणको आवश्यक व्यवस्था मिलाउने।
- हिउँदे फलमा कलमी गर्ने र रुटस्टकका लागि बिउ छर्ने।



कागतीमा काटछाट पश्चात बोर्डो पेष्टको प्रयोग



आँपको पात र फूल झुप्पा पर्ने रोग

### पौष २०७८ — Dec./Jan. 2021/2022

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| | | | | १ त्रयोदशी 16 | २ चतुर्दशी 17 | ३ चतुर्दशी 18 |
| उधौली पर्व ४ पूर्णिमा 19 | ५ प्रतिपदा 20 | ६ द्वितीया 21 | ७ तृतीया 22 | ८ चतुर्थी 23 | ९ पञ्चमी 24 | क्रिसमस डे १० षष्ठी 25 |
| ११ सप्तमी 26 | १२ अष्टमी 27 | १३ नवमी 28 | १४ दशमी 29 | तमु ल्होसार १५ एकादशी 30 | १६ द्वादशी 31 | राष्ट्रिय टोपी दिवस १७ चतुर्दशी 1 |
| १८ औंसी 2 | १९ प्रतिपदा 3 | २० द्वितीया 4 | २१ तृतीया 5 | २२ चतुर्थी 6 | २३ पञ्चमी 7 | २४ षष्ठी 8 |
| २५ सप्तमी 9 | २६ अष्टमी 10 | २७ नवमी 11 | २८ दशमी 12 | २९ एकादशी 13 | ३० द्वादशी 14 | |

### माघ २०७८ — Jan./Feb. 2022

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| | | | | | | मकर संक्रान्ति १ त्रयोदशी 15 |
| २ चतुर्दशी 16 | स्वस्थानी व्रत आरम्भ ३ पूर्णिमा 17 | ४ प्रतिपदा 18 | ५ द्वितीया 19 | ६ द्वितीया 20 | ७ तृतीया 21 | ८ चतुर्थी 22 |
| ९ पञ्चमी 23 | १० सप्तमी 24 | ११ अष्टमी 25 | १२ नवमी 26 | १३ दशमी 27 | १४ एकादशी 28 | १५ द्वादशी 29 |
| सहिद दिवस १६ त्रयोदशी 30 | १७ चतुर्दशी 31 | १८ औंसी 1 | सोनाम ल्होसार १९ प्रतिपदा 2 | २० द्वितीया 3 | २१ तृतीया 4 | २२ चतुर्थी 5 |
| सरस्वती पुजा श्रीपञ्चमी २३ पञ्चमी 6 | २४ षष्ठी 7 | २५ सप्तमी 8 | २६ अष्टमी 9 | २७ नवमी 10 | २८ दशमी 11 | २९ एकादशी 12 |

प्रदेश सरकार
लुम्बिनी प्रदेश
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय

# कृषि व्यवसाय प्रबर्द्धन सहयोग तथा तालिम केन्द्र

खजुरा, बाँके

## फलफूल बगैंचा व्यवस्थापन वार्षिक पात्रो

### फाल्गुण महिनामा गर्नु पर्ने मुख्य कार्यहरु

- केराका तरबार पाते सकर्स छनौट गरी रोप्ने, अनावश्यक सकरहरु हटाउने, खाडल खन्ने, पुर्ने र सिंचाई सुविधा उपलब्ध भएमा तयारी खाडलमा बिरुवाहरु रोप्ने र तयार भएका घरीहरु काट्ने।
- सुन्तला, केरा र अन्य फलफूलको बोटमा मल राखी सिंचाई गर्ने र छापो राख्ने।
- आँपमा फड्के किराले नयाँ पालुवा पलाउने वा फूल फुल्ने समयमा आक्रमण गर्ने भएकाले सोको नियन्त्रणका लागि बगैचा सफा राख्ने सुकेका हाँगा र बोक्रा हटाउने र एमिडाक्लोरोप्रिड०.५ मिलि/लिटर पानीमा मिसाई फूल फुल्नुभन्दा पहिले एकपटक र फल लागेपछि १५ दिनको फरकमा २ पटक छर्कने। यदि केहि फूलको हाँगामा बिरुठे गानाहरु देखा परेमा तिनलाई हटाउने।
- अमिलो जात फलफूलमा क्याङ्कर रोग लागेमा बोर्डो मिश्रण वा एन्टिवायोटिक छर्ने र सिंचाइको उचित व्यवस्था मिलाउने। फूल फुल्ने समय भएकाले प्रशस्त मात्रामा मौरी आउने हुदा विषादिको प्रयोग नगर्ने।

### चैत महिनामा गर्नु पर्ने मुख्य कार्यहरु

- फलफूल बगैंचामा खाद्यतत्व दिने,गोडमेल तथा सिंचाई गर्ने र छापो हाल्ने।
- आँपमा खराने रोग तथा कालो थोप्ले रोग देखिने भएकाले अघिल्लो महिनाहरुमा जस्तै नियन्त्रणको उपायहरु अपनाउने।
- आरुमा लाग्ने पात खुम्चिने रोगबाट बचाउन फूल फुल्नु अगावै वा फूल झरिसकेपछी ढुसीनासक विषादीले उपचार गर्ने।
- केरा बगैंचामा खाडल खन्ने, पुर्ने र सिंचाई सुविधा उपलब्ध भएमा तयारी खाडलमा बिरुवाहरु रोप्ने, तयार भएका घरीहरु काट्ने, बगैंचामा सिचाई तथा छापोको व्यवस्था मिलाउने, तयार भएका घरीहरु काट्ने। पहाडको तल्लो र माथिल्लो भेगमा केराको बिरुवा रोप्ने।
- अमिलो जात फलफूलमा सानो बिरुवालाई सिंचाई दिने र गवारो तथा पुतलीको लार्भाको उचित व्यवस्थापन गर्ने।


केराको तरबार पाते सकर


आरुको पात खुम्चिने रोग

## फाल्गुण २०७८ — Feb./Mar. 2022

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| १ द्वादशी 13 | प्रेम दिवस २ त्रयोदशी 14 | ३ चतुर्दशी 15 | स्वस्थानी व्रत समाप्त ४ पूर्णिमा 16 | ५ प्रतिपदा 17 | ६ द्वितीया 18 | प्रजातन्त्र दिवस ७ तृतीया 19 |
| ८ चतुर्थी 20 | ९ पञ्चमी 21 | १० षष्ठी 22 | ११ सप्तमी 23 | १२ अष्टमी 24 | १३ नवमी 25 | १४ दशमी 26 |
| राष्ट्रिय मगर दिवस १५ एकादशी 27 | १६ त्रयोदशी 28 | महाशिवरात्री १७ चतुर्दशी 1 | १८ औंसी 2 | ग्याल्पो ल्होसार १९ प्रतिपदा 3 | २० द्वितीया 4 | २१ तृतीया 5 |
| २२ चतुर्थी 6 | २३ पञ्चमी 7 | नारी दिवस २४ षष्ठी 8 | २५ सप्तमी 9 | २६ अष्टमी 10 | २७ नवमी 11 | २८ नवमी 12 |
| २९ दशमी 13 | ३० एकादशी 14 | | | | | |

## चैत्र २०७८ — Mar./Apr. 2022

| आइतबार SUNDAY | सोमबार MONDAY | मंगलबार TUESDAY | बुधबार WEDNESDAY | बिहीबार THURSDAY | शुक्रबार FRIDAY | शनिबार SATURDAY |
|---|---|---|---|---|---|---|
| | | १ द्वादशी 15 | २ त्रयोदशी 16 | पहाडमा होली फागुपूर्णिमा ३ पूर्णिमा 17 | तराईमा होली ४ पूर्णिमा 18 | ५ प्रतिपदा 19 |
| ६ द्वितीया 20 | ७ तृतीया 21 | ८ चतुर्थी 22 | ९ पञ्चमी 23 | विश्व क्षयरोग दिवस १० सप्तमी 24 | ११ अष्टमी 25 | १२ नवमी 26 |
| १३ दशमी 27 | १४ एकादशी 28 | १५ द्वादशी 29 | १६ त्रयोदशी 30 | १७ चतुर्दशी 31 | घोडेजात्रा १८ औंसी 1 | १९ प्रतिपदा 2 |
| २० द्वितीया 3 | २१ तृतीया 4 | २२ चतुर्थी 5 | विश्व खेलकुद दिवस २३ पञ्चमी 6 | विश्व स्वास्थ्य दिवस २४ षष्ठी 7 | चैते दशैं २५ सप्तमी 8 | २६ अष्टमी 9 |
| २७ नवमी 10 | २८ दशमी 11 | २९ एकादशी 12 | ३० द्वादशी 13 | | | |

E-mail: abpstckhajura@gmail.com|Web: abpstc.p5.gov.np किसान कल सेन्टर: १६६०८१५२०९९